# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल




साभार :टीआई नेपाल भित्तेपात्रो २०८२

# वार्षिक प्रगति प्रतिवेदन २०८१/०८२

*(३०औं वार्षिक साधारणसभामा महासचिव डा. सागर राज शर्माद्वारा प्रस्तुत)*

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल
## कार्यसमिति (२०८१-०८३)



मदन कृष्ण शर्मा (अध्यक्ष)



सुरेन्द्र वीर मालाकार (उपाध्यक्ष)



सागर राज शर्मा (महासचिव)



सुनिता गुरुङ (कोषाध्यक्ष)



लीला प्रसाद सापकोटा (सदस्य)



महेन्द्र नारायण श्रेष्ठ (सदस्य)



सरोज प्रसाद पाण्डे (सदस्य)



सीता भट्ट (सदस्य)

.........................................

उपस्थिति



आशिष थापा (कार्यकारी निर्देशक)

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल
# मानार्थ र साधारण सदस्य (कार्यसमिति बाहेक)

## मानार्थ सदस्य

१। डा. देवेन्द्र राज पाण्डे
२। प्रा. केदार भक्त माथेमा
३। श्री कृष्ण प्रसाद भण्डारी
४। प्रा.डा. भगवान कोइराला

## सदस्य

१. श्री बिष्णु बहादुर के.सी., सदस्य
२. श्री भरत बहादुर थापा, सदस्य
३. श्री खेमराज रेग्मी, सदस्य
४. श्री पद्मिनी प्रधानाङ्ग, सदस्य
५. श्री आदित्य मान श्रेष्ठ, सदस्य
६. श्री रामकृष्ण मानन्धर, सदस्य
७. श्री महादेव प्रसाद यादव, सदस्य
८. डा. राम दयाल राकेश, सदस्य
९. श्री सबिता भण्डारी बराल, सदस्य
१०. श्री बुद्धिनारायाण श्रेष्ठ, सदस्य
११. श्री शरच्चन्द्र वस्ती, सदस्य
१२. श्री मुकुन्द बहादुर प्रधान, सदस्य
१३. श्री किरण थापा, सदस्य
१४. डा. पोषराज पाण्डे, सदस्य
१५. डा. मीना आचार्य, सदस्य
१६. डा. विश्व केशर मास्के, सदस्य
१७. श्री तोया गुरुङ, सदस्य
१८. डा. चिन्तामणि योगी, सदस्य
१९. श्री भीम बहादुर श्रेष्ठ, सदस्य
२०. श्री कृष्ण ज्ञवाली, सदस्य
२१. श्री आर्या श्रेष्ठ, सदस्य
२२. श्री सीताराम अग्रहरी, सदस्य
२३. श्री हरिबहादुर थापा, सदस्य
२४. श्री रोजी अधिकारी पनेरु, सदस्य
२५. श्री राजेश कुमार जोशी, सदस्य
२६. राष्ट्रिय व्यावसायिक पहल, संस्थागत सदस्य
२७. श्री दीपकुमार उपाध्याय, सदस्य
२८. डा. प्रेम राज पन्त, सदस्य
२९. डा. सुरेश राज चालिसे, सदस्य
३०. डा. विजय के.सी., सदस्य
३१. डा. अनुशुया जोशी, सदस्य
३२. डा. ईश्वर प्रसाद उपाध्याय, सदस्य
३३. श्री भोजराज पोखरेल, सदस्य
३४. श्री मुकुन्द शर्मा पौडेल, सदस्य
३५. डा. रेवत बहादुर कार्की, सदस्य
३६. डा. विमल प्रसाद कोइराला, सदस्य
३७. श्री पवन कुमार ओझा, सदस्य
३८. श्री केशव प्रसाद आचार्य, सदस्य
३९. श्री जयराम सिंह बोहरा, सदस्य
४०. श्री प्रकाश ए राज, सदस्य
४१. श्री दोलख बहादुर गुरुङ, सदस्य
४२. डा. सूर्य प्रसाद शर्मा ढुङ्गेल, सदस्य
४३. श्री राजुमान सिंह मल्ल, सदस्य
४४. श्री राम प्रसाद श्रेष्ठ, सदस्य
४५. श्री गीता अर्याल, सदस्य
४६. श्री खेमराज पाण्डेय, सदस्य
४७. श्री सुरेन्द्र बहादुर भारीजु, सदस्य
४८. श्री चण्डेश्वर आचार्य, सदस्य
४९. श्री सगुना शाह, सदस्य
५०. श्री सरस्वती पोखरेल, सदस्य
५१. श्री सुष्मा कर्ण, सदस्य
५२. श्री टंकमणि शर्मा दंगाल, सदस्य
५३. श्री चन्द्र किरण श्रेष्ठ जोशी, सदस्य
५४. श्री दिपकराज जोशी, सदस्य

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल
## वार्षिक प्रगति प्रतिवेदन २०८१/०८२

### १. परिवेश

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल विगत तीन दशकदेखि भ्रष्टाचार न्यूनीकरण र सदाचार प्रवर्द्धनको अभियानमा क्रियाशील रहँदै आएको संस्था हो । यस संस्थाले पारदर्शिता, जवाफदेहीता, न्याय र ऐक्यवद्धताजस्ता मूल्य-मान्यतामा आधारित रही नागरिक समाज, सञ्चार क्षेत्र,सरकार, सम्बैधानिक निकाय एवम् आम जनसमुदायसँग सहकार्य गर्दै भ्रष्टाचार नियन्त्रण संग सम्बन्धीत विभिन्न कार्यहरू गर्दै आएको छ । स्थापनाकाल देखिका विभिन्न परिस्थितिहरूमा यस संस्थाले आफ्नो अभियान निष्पक्ष र पारदर्शीरुपमा अघि बढाउँदै आएको छ ।

पछिल्ला केही वर्षहरूमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन सुदृढ गर्ने कार्यमा अस्थिर राजनीतिक गठबन्धन र त्यसबाट हुने सरकार परिवर्तन प्रमुख बाधक बनेको देखिएको छ । यस्तो अवस्थाले कानुनी सुधार, नीतिगत स्पष्टता र कारबाही प्रक्रियामा प्रतिकूल प्रभाव पारेको मात्र छैन, गठबन्धन सरकारहरूबीचको अस्थिर समीकरण, दलहरूभित्रको गुटगत संघर्ष र नीतिगत अस्पष्टताले सुशासनलाई कमजोर पनि बनाएको छ। मन्त्रीहरूको पटक-पटक हेरफेर, नियुक्ति प्रक्रिया तथा सार्वजनिक संस्थाहरूको नेतृत्व चयनमा पारदर्शिताको कमी अझै जस्ताको तस्तै छ ।

कुनै पनि महत्वपूर्ण जिम्मेवारीको लागि असल, नैतिकवान, क्षमता र योग्यता भएको व्यक्ति नियुक्ति हुनुपर्नेमा राजनीतिक भागबण्डाको आधारमा आफ्नो स्वार्थ पूर्तिमा सहयोग पुऱ्याउनेलाई मात्र नियुक्ति गर्ने परिपाटीले राज्य सञ्चालनका सबैजसो अङ्गहरू निस्पक्ष र सदाचारयुक्त रही देश र आम जनताको हीतका लागि भन्दा निहित स्वार्थको लागि काम गरिरहेको जस्तो अवस्था देखिएको छ । यो अवस्था संसद्, तिनै तहको सरकार, नियामक निकाय, संबैधानिक अङ्गहरू, न्यायिक क्षेत्र र राजनीतिक दलहरू सबैमा ब्याप्त हुन पुगेको छ ।

कतिपय ठूला योजना तर्जुमा गर्दादेखि नै निजी स्वार्थ हावी रहेको देखिने अनि राष्ट्रिय गौरवका आयोजनालगायत धेरैजसो आयोजनाहरू तोकिएको समय र सुरुको करारमा उल्लेखित लागतभित्र सम्पन्न हुन नसकेको अवस्था रहेको छ । राष्ट्रिय स्रोत र साधनहरू (जस्तै मोबाइल र वायरलेस कम्युनिकेशनका लागि प्रयोगहुने रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रम), नदि-नाला, जलस्रोत, जमिन, डाँडा, पहाड, खनिज, ढुङ्गा, बालुवा आदि) राष्ट्रको हित, पर्यावरण र जलवायुको संरक्षण र भावीपुस्ताहरूको लागि बस्नयोग्य हुने गरी प्रयोग गर्नुपर्नेमा ब्यक्तिगत तथा समूहगत निहित स्वार्थका लागि ठेक्कामा, भाडामा वा अन्य प्रकारले दिर्घकालीनरुपमा ब्यापारिक प्रयोजनका लागि दिइएर राज्यलाई नोक्सान भइराखेको कुरा आम नागरिकलाई अनुभूति भइरहेको अवस्था छ । एक्काइसौं सताब्दिमा विश्वव्यापी भएको सूचना र प्रविधिमा आधारित राष्ट्र सञ्चालन र जनतालाई विभिन्न सेवा पुऱ्याउन अति आवश्यक पर्ने सूचना प्रविधिको खरिदमा होस् या भौतिक संरचना निर्माणमा ठेक्काहरूमा, भ्रष्टाचार नभएको उदाहरण पाउन कठिन छ ।

भ्रष्टाचार हावी रहेको अवस्था र सुशासनको प्रवर्द्धन हुन नसकेको कारणले देश विकासका लागि सरकारले नै राखेको लक्ष्यभन्दा वास्तविक प्रगति धेरै न्यून रहेको छ । उदाहरणका लागि महालेखापरीक्षकको ६२औं वार्षिक प्रतिवेदनअनुसार १५ औं पञ्चवर्षीय योजना अवधिको कुल ग्राहस्थ उत्पादनको वार्षिक वृद्धि लक्ष्य १०.३०% राखिएकोमा ३.८७% मात्र भयो, राजस्व संकलन कूल ग्राहस्थ उत्पादनको ३०% पुऱ्याउने लक्ष्य राखिएकोमा १८.५६% मात्र संकलन गर्न सकियो, त्यस्तै पुँजीगत कूल ग्राहस्थ उत्पदानको १८.६% गर्ने लक्ष्य राखिएकोमा जम्मा ३.३६% मात्र हुनसक्यो । दिगो विकास लक्ष्यको प्रगति हेर्ने हो भने मार्यादित काम र आर्थिक वृद्धि दरको लक्ष्य एक तिहाइ पनि हासिल गर्न कठिन देखिन्छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा सार्वजनिक भएको भ्रष्टाचार अवधारणा सूचकाङ्क २०२४ ले पनि नेपालमा भ्रष्टाचार बढ्दो क्रममा रहेको देखाएको छ । सो कुरा महालेखापरीक्षकको कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पछिल्ला वर्षका प्रतिवेदनहरूले पनि प्रष्ट पारेको छ । ती प्रतिवेदनहरूमा बेरुजु (आ.व. २०७९/०८० मा रु. ६ खर्ब ६९ अर्बबाट आ.व. २०८०/०८१ मा रु. ७ खर्ब ३३ अर्ब) र उजुरी (आ.व. २०७९/०८० मा २०९०५ बाट आ.व. २०८०/०८१ मा २६९१८) दुबै बढ्दो क्रममा रहेको देखाएको छ ।

अत्यधिक भ्रष्टाचारका कारण देश विकासका लागि अत्यावश्यक चुस्त-दुरुस्त प्रशासकीय एवं व्यवस्थापकीय क्षमता स्खलित अवस्थामा पुगेको छ, जसले गर्दा राजस्व संकलनमा कमी हुन गई देशको चालु खर्चसमेत ऋण लिएर व्यहोर्नुपर्ने अवस्था

भएको छ भने कतिपय आयोजनाहरू सम्पन्न भए पनि उपयोग हुन नसकी त्यसमा गरिएको लगानी राष्ट्रलाई बोझमात्र भएको छ। समग्रमा भ्रस्टाचारले आम नागरिकलाई पीडित बनाएको छ, विशेषगरी, युवापिँढीलाई अवसरबाट वञ्चित गराएको छ। महिला तथा सिमान्तकृत र राजनीतिक पहुँच नभएकाहरूका लागि नागरिकको रूपमा राष्ट्रबाट पाउनुपर्ने सेवा-सुविधा, सुपथ मूल्यको जीवनयापन र संवैधानिक अधिकारको प्रत्याभूति गर्न अझै पनि धेरै कठिनाइ रहेका छन्।

यस वर्ष भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, नेपाल सरकार र मित्रराष्ट्र चीन सरकारबीच सन् २०१७ मा हस्ताक्षर भएको 'बेल्ट एण्ड रोड इनिसिएटिभ' (बीआरआई) को विषय, पार्टी कार्यालयलाई जग्गा दानको विषय, भिजिट तथा पर्यटक भिषामा रकम असुलेर विदेश पठाउने गरेको विषय पोखरा विमानस्थल निर्माणमा अनियमितता भएकोले सहकारीको बचत तथा ऋण अपचलनजस्ता ठूला-ठूला भ्रष्टाचारका प्रकरणहरू सञ्चारमाध्यममा चर्चामा रहे।

भ्रष्टाचारको मूलस्थान सरकारी काम-कारबाहीमा ठोस सुधार नदेखिए तापनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेका केही महत्वपूर्ण मुद्दाहरूमा पूर्व प्रधानमन्त्री, मन्त्री, सचिव, नगरप्रमुखदेखि कर्मचारीसम्मलाई कारबाहीको दायरामा ल्याउनु स्वागतयोग्य छ। तीमध्ये काभ्रेपलाञ्चोक जग्गा खरिद विवाद, नेपाल दूरसञ्चारको टेरामक्स प्रणाली खरिद प्रकरण, हाई-कम्प्यूटर इन्फ्रास्ट्रक्चर खरिद प्रकरण, राष्ट्रिय भुक्तानी गेटवे (NPG) खरिद प्रकरणमा भएको अनियमितता आदि पर्दछन्। त्यस्तै, केही सरकारी सेवाहरू छिटो र छरितोरुपमा अनलाइन प्रदान गरिएको कारणले सर्वसाधारण नागरिकहरू लामो लाइन बस्नुपर्ने झन्झट र विचौलियाबाट ठगिन कम हुने प्रयासहरू स्वागतयोग्य भए तापनि यिनीहरूको चुस्त कार्यान्वयन भएमा मात्र आम नागरिकले केही काम भएको अनुभूति गर्न सक्नेछन्।

यस्तो पृष्ठभूमिमा यस संस्थाले आफ्नो उद्देश्यअनुरुप कारबाही अघि बढाइरहेको छ। नागरिक तहबाट खबरदारी र सहभागितालाई सशक्त बनाउँदै लोकतान्त्रिक मूल्य र जवाफदेही शासन स्थापनाका लागि निरन्तर प्रयास जारी राखेको छ।

## २. संस्थाका गतिविधि

### २.१ २९औं वार्षिक साधारणसभाका मुख्य निर्णय

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको २९औं वार्षिक साधारणसभा २०८१ असोज ४ गते नयाँ बानेश्वर, काठमाडौंमा आयोजना गरिएको थियो। साधारणसभामा ६२ मध्ये ४७ सदस्यको उपस्थिति रहेको थियो। संस्थाका अध्यक्ष श्री पद्मिनी प्रधानाङ्गको अध्यक्षतामा सम्पन्न सभाद्वारा गरिएका मुख्य निर्णयहरू निम्नानुसार थिए :

- संस्थाले सम्पन्न गरेका विभिन्न क्रियाकलापहरू विस्तृतरुपमा उल्लेख गरी अग्रिमरुपमा सदस्यहरूलाई उपलब्ध गराइएको वार्षिक प्रगति प्रतिवेदन २०८०/०८१ संस्थाका महासचिव मदन कृष्ण शर्माद्वारा प्रस्तुत भई छलफल भएपश्चात् सर्वसम्मतिले स्वीकृत गरिएको। संस्थाको आम्दानी र खर्चको विस्तृत विवरणसहित अग्रिमरुपमा सदस्यहरूलाई उपलब्ध गराइएको २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनका साथै २०८१/०८२ को बजेट संस्थाका कोषाध्यक्ष सुनिता गुरुङ्गद्वारा प्रस्तुत भई छलफल भएपश्चात् सर्वसम्मतिले स्वीकृत गरिएको। आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारणको जिम्मेवारी कार्यसमितिलाई प्रदान गरिएको। साधारणसभामा सदस्यज्यूहरूबाट संस्थाको काम-कारबाही अझ प्रभावकारी बनाउन सल्लाह र सुझावहरू प्रदान गरिएको।
- २९औं वार्षिक साधारणसभामा कार्यकाल समाप्त भई रिक्त हुन गएको अध्यक्षलगायत कार्यसमितिका ७ सदस्यका लागि भएको निर्वाचनमा अध्यक्ष पदमा श्री मदन कृष्ण शर्माले निर्वाचनमा खसेको ४४ मतमध्ये २९ मत प्राप्त गरी विजयी हुनुभएको र कार्यसमिति सदस्यहरूमा क्रमशः श्री सुनिता गुरुङ्ग, श्री लीला प्रसाद सापकोटा, श्री सुरेन्द्र वीर मालाकार, श्री सरोज प्रसाद पाण्डे, श्री महेन्द्र नारायण श्रेष्ठ, श्री राजेश कुमार जोशी र श्री सीता भट्ट निर्विरोध निर्वाचित हुनुभएको थियो। निर्वाचन अधिकृतमा नियुक्त मानार्थ सदस्य श्री कृष्ण प्रसाद भण्डारीज्यूद्वारा निर्वाचन सम्पन्न गरिएको।

### २.२ कार्यसमिति बैठकका मुख्य निर्णय

२९औं साधारणसभा देखि हालसम्म कार्यसमितिको ७ बैठक सम्पन्न भएका छन्। ती बैठकका मुख्य निर्णय निम्न बमोजिम छन् :

- २९औं साधारणसभा पश्चात् कार्यसमितिमा रिक्त रहेको एक सदस्य पदमा अध्यक्षज्यूको प्रस्तावमा विधानको धारा २४ बमोजिम डा. सागर राज शर्मालाई सहवरण गरिएको र विधानको धारा २० बमोजिम कार्यसमिति सदस्यहरू

मध्येबाट उपाध्यक्षमा श्री सुरेन्द्र वीर मालाकार, महासचिवमा डा. सागर राज शर्मा र कोषाध्यक्षमा श्री सुनिता गुरुङलाई मनोनयन गरिएको ।

- समसामयिक विषयमा संस्थाको धारणा लिन वा पदाधिकारी र सदस्यको विचार बुझ्न सञ्चारकर्मीहरूद्वारा सम्पर्क गरिने परिपेक्षमा कार्यसमितिका तर्फबाट अध्यक्षलाई संस्थाको प्रवक्ता र महासचिवलाई सहप्रवक्ता ताकिएको । ट्रान्सपरेन्सी इन्टरनेशनलका लागि यस संस्थाको Official Chapter Representative (OCR)को रुपमा अध्यक्षलाई मनोनीत गर्ने प्रथा रहेबमोजिम अध्यक्ष श्री मदन कृष्ण शर्मालाई यस संस्थाको OCR को रुपमा मनोनीत गरिएको । २९औं साधारणसभाले प्रतियोजन गरेको अधिकारका साथै यसअघिको कार्यसमितिको निर्णयलाई पनि मध्यनजर गर्दै संस्थाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षकको रुपमा चार्टर्ड एकाउन्टेन्ट पी.एम. एण्ड एसोसिएट्स (श्री पारशमणी अर्याल, सी.ए.) लाई गतवर्ष भुक्तानी गरिएको शुल्कमा १० प्रतिशत बृद्धि गर्ने गरी नियुक्ती गरिएको ।
- संस्थाको विधानको धारा ३३ (१) बमोजिम नवनिर्वाचित कार्यसमितिले आफ्नो कार्यकालमा आवश्यक सल्लाह लिन निम्न लिखित व्यक्तिहरूलाई सल्लाहकारमा मनोनयन गरिएको :
  - पूर्व अध्यक्षहरू तर्फबाट : श्री विष्णु बहादुर के.सी., श्री भरत बहादुर थापा, श्री पद्मिनी प्रधानाङ्ग,
  - पूर्व उपाध्यक्षहरू तर्फबाट : श्री शरच्चन्द्र वस्ती,
  - लब्ध-प्रतिष्ठित व्यक्तिहरू तर्फबाट : संस्थापक डा. पोषराज पाण्डे ।
- संस्थाको रणनीतिक योजनामा आधारीत कार्यसमितिको एक वर्षे कार्ययोजना २०८२ स्वीकृत गरी समिति सदस्यलाई जिम्मेवारी दिइएको ।
- कार्यसमिति सदस्य श्री राजेश कुमार जोशीद्वारा समिति सदस्यको पदबाट पेश गरिएको राजीनामा स्वीकृत गरी रिक्त रहेको स्थानमा लिङ्ग, उमेर, पेशाजस्ता विषयलाई प्राथमिकता दिइ सदस्य सहवरण गर्ने निर्णय गरिएको ।
- संस्थाको Governance Initiative Nepal (GIN) परियोजना कार्यान्वयनको क्षेत्र काठमाडौं जिल्लाबाट प्रदेशस्तरसम्म विस्तार गर्न आवश्यक भएकोले समाज कल्याण परिषद्मा अनुरोध गरी स्वीकृति प्राप्त भएको । Climate Governance Integrity Program Nepal (CGIP Nepal) परियोजना यही अक्टोबर २०२५ मा अन्तः हुने सन्दर्भमा परियोजनाको बजेट नबढ्ने सर्तमा परियोजना अवधि थप ६ महिना बढाउन दातृनिकाय ट्रान्सपरेन्सी इन्टरनेशनलसँगस्विकृति लिई समाज कल्याण परिषद्बाट अनुमोदन गराइएको ।
- भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस (डिसेम्बर ९) का दिन परियोजना गतिविधिअन्तर्गत माइतीघर मण्डलामा प्लेकार्डसहित भ्रष्टाचार विरोधी प्रर्दशनमा उपस्थिति जनाउन सम्पूर्ण सदस्यसहित सरोकारवालालाई अनुरोध गरिइको । भ्रष्टाचार अवधारणा सूचकाङ्क २०२४ को विश्वव्यापी सार्वजनिकीकरण गर्ने क्रममा २०८१ माघ २९ गते प्रेस भेटघाट कार्यक्रम आयोजना गरिएको । सीजीआईपी परियोजनाको २ वटा अनुसन्धान प्रतिवेदन प्रकाशित गरी सार्वजनिक गरीएको । टीआई नेपालका आवद्ध संस्थाहरूको वार्षिक समिक्षा बैठक चितवन जिल्लामा २०८१ फागुन २३-२४ गते आयोजना गरिएको ।
- सुशासनको सवालमा देशको वर्तमान अवस्था जटिल रहेको तथ्य विभिन्न सर्वेक्षणद्वारा उजागर भएको र यो विषयमा जनचासो बढ्दै गएको परिपेक्षमा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको भूमिका अझ सशक्त बनाउनेबारे कार्यसमिति र सल्लाहाकारबीच छलफल गरी सेवाप्रवाह, राजनीतिक प्रतिवद्धता, भ्रष्टाचार विरुद्धको प्रर्वद्धनात्मक र निरोधानात्मक कार्य, नागरिक चाहना, निर्माणाधीन बजेटजस्ता समसामयिक विषयमा सुझावहरू समय-समयमा सरकारलाई ध्यानाकर्षण गराउने पहल भएको ।
- ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) को नेपालको लागि राष्ट्रिय च्याप्टरको आवद्धता सन् २०२८ सम्मको लागि नविकरण गरिएको । नवीकरण गर्दा टीआईद्वारा यस संस्थाको कार्यसमिति सदस्यता, लैंगिक सन्तुलन, आचारसंहिता संशोधन आदिका लागि दिइएका सुझाव बमोजिम आवश्यक कार्य अघि बढाइएको र
- यस संस्थासँग आफ्नो संस्थागत आवद्धता नवीकरण गर्न इच्छुक विभिन्न जिल्लास्थित १४ सामाजिक संस्थालाई २०८३ फागुन मसान्तसम्मका लागि आवद्धता नवीकरण प्रदान गरिएको ।

## २.३ प्रेश वक्तव्य/पत्रमार्फत वकालत

विगत वर्षहरूमा जस्तै भ्रष्टाचारको विरोध र सदाचारका पक्षमा कार्यसमितिद्वारा निरन्तर वहस-पैरवी गरिएको छ। सरोकारवाला निकायलाई पत्राचारका साथै प्रेस वक्तव्यमार्फत निम्न विषय उठाई सुधारका लागि ध्यानाकर्षण गराइएको छ :

### क) पार्टी कार्यालय भवन निर्माणका लागि जग्गा दान सम्बन्धमा ध्यानाकर्षण

सरकारको नेतृत्व गर्ने व्यक्ति वा दलले सरकार वादी रहेको मुद्दाका प्रतिवादी व्यक्ति वा पक्षबाट सरकारका लागि होस् वा पार्टीको नाममा होस्, कुनै पनि प्रकारको दान, दातव्य र सहयोग स्वीकार गर्ने प्रवृत्तिले सुशासनको अपव्याख्या भई देशमा व्याप्त भ्रष्टाचारलाई थप मलजल पुग्न जाने हुनाले सरकार सञ्चालनमा संलग्न रहेका व्यक्ति तथा राजनीतिक दललाई यस प्रकारका काम-कारबाहीबाट अलग रहन टीआई नेपालद्वारा अपील गरिएको ।

### ख) समझदारी-पत्र सार्वजनिक गरियोस्

सरकारले गरेका सन्धि-सम्झौता, समझदारीहरूलगायतका काम-कारबाहीको बारेमा सुसूचित हुने नेपाली जनताको अधिकार नेपालको संविधानले सुनिश्चित गरेको परिप्रेक्ष्यमा हाल चर्चामा रहेको नेपाल सरकार र मित्रराष्ट्र चीन सरकारबीच सन् २०१७ मा हस्ताक्षर भएको 'बेल्ट एण्ड रोड इनिसिएटिभ' (बीआरआई) को समझदारी-पत्र सार्वजनिक गर्न टीआई नेपाल जोडदार माग गरिएको छ। साथै, विभिन्न मित्रराष्ट्र एवं अन्तर्राष्ट्रिय निकायसँग नेपाल सरकारले गरेका र गर्ने समझदारी तथा सम्झौताहरू सार्वजनिक गरी सरकारको काम-कारबाही पारदर्शी बनाउने अभ्यास स्थापित गर्नसमेत टीआई नेपालद्वारा आग्रह गरिएको ।

### ग. भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी कदम चालियोस्

भ्रष्टाचार अवधारणा सूचकाङ्क-२०२४ मा नेपालले १०० मा ३४ अङ्क प्राप्त गरेको छ, जुन गतवर्ष ३५ रहेको थियो। यस नतिजाले भ्रष्टाचार विरुद्व प्रभावकारीरुपले काम-कारबाही अगाडि बढाउन अत्यन्त जरुरी भएको औंल्याइएको थियो। गणतान्त्रिक नेपालको संविधान २०७२ सालदेखि लागू भई तीन तहको सरकार सञ्चालन भएको पनि करिब आठ वर्ष भइसक्दासमेत नेपालमा भ्रष्टाचार कम गर्नेतर्फ सफलता हासिल नभएकाले स्थितिमा सुधार ल्याउन राजनीतिक क्षेत्रको सदाचारप्रतिको प्रतिवद्धतामा अभिवृद्धि, सरकारी क्षेत्रमा हुने घुसखोरी र भ्रष्टाचारमाथि निष्पक्ष कारबाही, स्वच्छ न्यायिक प्रक्रियाको सुनिश्चितता र व्यावसायिक क्षेत्रसँग सम्बन्धित भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी कदम चाल्न टीआई नेपालद्वारा आग्रह गरिएको ।

### घ) सरकारबाट जारी अध्यादेशका सम्बन्धमा टीआई नेपालको ध्यानाकर्षण

सरकारबाट जारी भएका अध्यादेशमध्ये "भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश" मार्फत राज्यको वन तथा प्राकृतिक सम्पदा, जग्गा प्राप्ति, भूउपयोग, बसोबासजस्ता संवेदनशील विषयहरूलाई गम्भीर असर पार्न सक्ने अधिकार कानुनमा पारदर्शीरुपमा व्यवस्था हुनुपर्नेमा सरकारलाई सिमारहितरुपमा प्रत्यायोजन गरेको देखिन्छ। यसरी हतारमा जारी भएका अध्यादेशले सुशासन प्रवर्द्धनलाई अवमूल्यन गर्नुका साथै राजनीतिक नियतमाथि प्रश्न उठाएको परिप्रेक्ष्यमा पारदर्शिता एवं सुशासन प्रवर्धनलाई बल पुग्ने व्यवस्था ऐनमा नै हुनुपर्ने सार्वमान्य सिद्धान्तलाई आत्मसात् गर्नुका साथै सार्वभौम जनताबाट निर्वाचित संसद्ले देश र जनताको हितका लागि आवश्यक ऐन-कानुन निर्माणमा प्रभावकारी भूमिका निर्वाह गर्न ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालद्वारा अपिल गरिएको ।

### ङ) बढ्दो भ्रष्टाचार र दण्ड हिनताको अन्त्य गरौं

सुशासन, पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धनको क्षेत्रमा कार्यरत टीआई नेपाल र यस संस्थासँग आवद्ध संस्थाहरूको भेलाद्वारा भ्रष्टाचार, अनियमितता, दण्डहीनता, भागबण्डाप्रति संवेदनशील हुन नसकेको हालको अवस्था राष्ट्रका लागि ठूलो चुनौतिको रुपमा देखिएको विषयमा गम्भीर छलफल गरिएको छ। मुलुकभरका १३ संस्थाको भेलाले संवैधानिक प्रावधानहरूको भावनाविपरीत अधिकार प्राप्त निकायबाट भइरहेको कार्य, संवैधानिक निकायहरू तथा सरकारद्वारा नियुक्ति गरिने विभिन्न पदहरूमा गैरकानुनी नियुक्ति एवं भागवण्डाको आधारमा अयोग्य व्यक्तिहरूको नियुक्ति, भ्रष्टाचार निवारणका लागि सरकारद्वारा जारी भएका ऐन, निर्देशिका र नीति-नियमहरूको कार्यान्वयन नगरिनु, पहुँचको आधारमा हुने गरेको दण्डहीनतालाई अन्त्य नगरिनुजस्ता विषयहरूका कारण भ्रष्टाचार बढी रहेकाले यस्तो कार्य रोक्न माग गर्दै सम्बन्धित निकायसमक्ष ध्यानाकर्षण गरिएको ।

## २.४ कार्यसमितिद्वारा शोक वक्तव्य जारी

### क) स्व. दमननाथ ढुङ्गाना र स्व. दामोदर प्रसाद गौतमप्रति श्रद्धाञ्जली अर्पण

टीआई नेपालका संस्थापक तथा पूर्व अध्यक्षहरू श्री दमननाथ ढुङ्गानाको २०८१/०८/०२ गते र श्री दामोदर प्रसाद गौतमज्यूको २०८१/१२/१२ गते असामयिक निधन भएको खबरले स्तब्ध भएको र यस दुःखद् घडीमा उहाँहरूको आत्माको चिर-शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको छ। श्री ढुङ्गाना मानवअधिकार, संविधान तथा कानुन, न्याय, समाजसेवालगायत राजनीतिमा र श्री गौतम प्रशासन, बैकिङ्गलगायत अध्ययन/अध्यापन तथा कूटनीतिक क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै आउनुभएको थियो। अथक चिन्तनशील, स्पष्ट वक्ता, अनुभवी, कर्मठ र सेवाभावी उहाँहरूको निधनबाट यस संस्थाले आफ्नो शुभचिन्तक, अभिभावक तथा सशक्त भ्रष्टाचार विरोधी अभियन्ता गुमाएको अनुभूति गरिएको छ।

## २.५ कार्यसमिति पदाधिकारीको सक्रियता

### क) पदाधिकारी र कार्यसमिति सदस्यहरूको कार्य विभाजन

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको नवनिर्वाचित कार्यसमितिले यस संस्थाको रणनीतिक योजनामा आधारित भई सदस्यहरूको सुझावसमेत समावेश गरी ई.सं. २०२५/०२६ को कार्ययोजना निर्माण गरी कार्यान्वयनमा गएको छ। कार्ययोजनाको मुख्य प्राथमिकताहरू क्रमशः संविधान र सम्बन्धित कानुनमा संशोधन, राजनीतिक दलहरूसँग पैरवी, ठूला राष्ट्रिय आयोजना निर्माणमा ढिलाइ, भ्रष्टाचारका ठूला-ठूला मुद्दाहरूको अनुसन्धान, अदालती कारबाहीको अवस्थाको विश्लेषण रहेको छ। पदाधिकारी र कार्यसमिति सदस्यहरूको जिम्मेवारीमा रहेको कार्यमा भएको प्रगतिबारे कार्यसमिति बैठकमा नियमितरुपमा समिक्षा गरिएको छ।

### ख) संवैधानिक निकाय तथा सरकारी कार्यालयहरूसँग भेटघाट

संस्थाका अध्यक्ष श्री मदन कृष्ण शर्माको नेतृत्वमा विषयगत मुद्दाहरूमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अर्थ मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक लेखासमितिसँग संयुक्त प्रयास, सहकार्य, आवश्यक सहयोगका सम्बन्धमा प्रारम्भिक बैठक तथा छलफल गरिएको छ। बैठकमा सुशासन अभिबृद्धि हुने कार्यमा सहयोग गर्न तत्पर रहेको र नेपाल सरकारको गतिविधिहरू मुख्यतः संवैधानिक पदाधिकारीको आचारसंहिता निर्माण, स्वार्थको द्वन्द्वको सम्बोधन, नीतिगत निर्णयको परिभाषा, संवैधानिक नियुक्तिजस्ता विषयहरू प्रमुख समस्याको रुपमा देखिएको र यसले भ्रष्टाचारलाई बढावा दिइरहेकोले सम्बोधनतर्फ प्रयास गर्न आग्रह गरिएको छ।

टीआई नेपालको उक्त धारणामा सम्बन्धित कार्यालय, मन्त्रालय, संवैधानिक निकायबाट उपरोक्त विषयहरूमा सहमति जनाउँदै आगामी दिनमा सुशासन प्रवर्द्धन कार्यमा सहकार्य गर्ने जानकारी गराउँदै सम्बन्धित मन्त्रालय, विभाग तथा संवैधानिक निकायहरूको कार्याधिकार क्षेत्रको सीमितता र सम्बन्धित कार्यालय तथा राजनीतिक दलको यथेष्ट सहयोग र सहभागितामा देखिएको कमीका कारण जनमानसमा सन्तुष्ट हुने किसिमको कार्य गर्न कठिनाइ भएको र आगामी दिनमा आवश्यक पहल गर्ने जानकारी दिइएको छ।

भेटघाटका अवसरमा राष्ट्रिय सदाचार प्रणालीको अध्ययन, नेपाल सरकारको भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना र संयुक्त राष्ट्र संघीय भ्रष्टाचार विरुद्धको महासन्धीसम्बन्धी कार्ययोजनाको कार्यान्वयनको स्थितिको संक्षिप्तरुपमा मापन अध्यावधिक गर्न लागिएको जानकारीसमेत गराइएको थियो।



*उपप्रधान तथा अर्थमन्त्री श्री बिष्णु प्रसाद पौडेलसँगको भेटघाट*

## ग) कर्णाली प्रदेश सचेतना कार्यक्रम

सिस्नुपानी नेपालसँगको सहकार्यमा कर्णाली प्रदेशका रुकुमपश्चिम, जाजरकोट, दैलेख, जुम्ला र मुगु जिल्लाहरूमा हास्यब्यंग्यको माध्यमबाट सरोकारवालाको ध्यानाकर्षण आकृष्ट गर्ने तथा जनसमुदायमा चेतना जागृत गर्ने कार्य गरिएको छ । कार्यक्रममा टीआई नेपालका अध्यक्षले संस्थाको सन्देशमार्फत र सिस्नुपानीका कलाकारहरूले हाँस्यब्यङ्ग्य, ब्यङ्ग्यात्मक कविता, प्यारोडी, प्रहसन तथा गीतको माध्यमबाट भ्रष्टाचार विरुद्ध तथा सुशासनको प्रवर्द्धनका लागि आम-जिल्लाबासी नागरिकमाझ मन्तब्य तथा प्रस्तुति राखिएको थियो। पाँच जिल्लाका सदरमुकाममा गरिएका कार्यक्रमहरूमा करिब १५०० भन्दा धेरै नागरिक सहभागी थिए । सो अवसरमा यस संस्थाले उठाउँदै आएका विषयहरू जवाफदेहीता, पारदर्शिता, सदाचार प्रवर्द्धनजस्ता कुराहरू नागरिकमाझ पुऱ्याइएका थिए। कार्यक्रमहरूमा जिल्ला समन्वय समिति प्रमुख, प्रमुख जिल्ला अधिकारीसहित जिल्लाका कार्यालय प्रमुख तथा प्रतिनिधिहरू, सुरक्षा निकायका प्रमुखहरू, पत्रकार, उद्योगी व्यवसायी, संघ-संस्था तथा सर्वसाधारण नागरिकहरूको ठूलो संख्यामा उपस्थिति रहेको थियो । कार्यक्रमको संयोजन सदरमुकामस्थित नगरपालिकाहरूद्वारा गरिएका थियो ।






*कर्णाली प्रदेशमा गरिएका कार्यक्रमहरूको झलक, क्रमशः जुम्ला र रुकुमपश्चिम*

## घ) सदाचार प्रवर्द्धनसम्बन्धी एक अन्तरसम्बाद

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल र समाज कल्याण परिषद्को सहकार्यमा परिषद्कै सभाकक्षमा सदाचार प्रवर्द्धनसम्बन्धी एक अन्तरसम्बाद सम्पन्न गरिएको छ । मिति २०८२ जेठ २८ गते सम्पन्न उक्त कार्यक्रममा टीआई नेपालका अध्यक्ष श्री मदन कृष्ण शर्मा र पूर्व महालेखापरीक्षक तथा टीआई नेपालका सदस्य श्री टंकमणी शर्मा दङ्गालले क्रमशः Improving Financial Governance र Enhancing Institutional Governance विषयहरूमा प्रस्तुति गरिएको थियो। प्रस्तुतिमा कमजोर वित्तीय सुशासनको जोखिम सिंगो संस्थामा पर्ने हुँदा यो विषय संवेदनशील रहने तथा संस्थागत सुशासनअन्तर्गत परिषद्को भौतिक सुविधा, वित्तीय स्रोत, कर्मचारी व्यवस्थापनजस्ता विषय महत्वपूर्ण हुनेमा जोड दिइएको थियो । सो अवसरमा परिषद्का सदस्यसचिव, निर्देशकहरू, अधिकृतसहित करिब ८० कर्मचारीहरूको सहभागिता रहेको थियो ।



*समाज कल्याण परिषद्का कर्मचारीसँग सदाचार प्रवर्द्धनमा अन्तरसम्बाद*

## २.६ सचिवालय सञ्चालित परियोजना र तिनका गतिविधि

यस आर्थिक वर्षमा संस्थाको सचिवालयमार्फत दुई परियोजना सञ्चालनमा रहेका छन् :

### १) नेपालमा सुशासनको पहल (जीआईएन) (Governance Initiative Nepal-GIN)

जवाफदेहीता बढाउने, सदाचार अभिबृद्धि गर्ने, सार्वजनिक सेवामा पहुँच बढाउनेजस्ता उद्देश्य लिएर सञ्चालन भइरहेको नेपालमा सुशासनको पहल कार्यक्रम नेपालसहित एसियाका विभिन्न देशमा सञ्चालन भइरहेको छ । सार्वजनिक क्षेत्रमा विद्यमान समस्या न्यूनीकरण गर्न र जवाफदेहीता, सुशासन र सदाचार अभिवृद्धिका लागि जीआईएनको सहयोगबाट सरकार, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य गर्न यो बहुआयामिक परियोजना सञ्चालनमा रहेको छ । परियोजना सन् २०२४ अगष्टमा सुरु भई सन् २०२९ फेब्रुअरीमा सम्पन्न हुनेछ ।

### २) जलवायु परिवर्तनसम्बन्धी कार्यमा सदाचार र सुशासन (सीजीआईपी) (Climate Governance Integrity CGIP Nepal)

जलवायु वित्तलाई सदाचार, पारदर्शिता र जवाफदेहीतामार्फत सुशासित गर्न ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा सञ्चालित यो कार्यक्रम विश्वका विभिन्न देशहरूमा सञ्चालन भइरहेको छ । नेपालमा यस कार्यक्रमले मुख्यतः जलवायु नीति, जलवायु कार्य र जलवायु न्यायका लागि पहल गर्ने लक्ष्य राखिएको छ । सन् २०२३ अगष्टदेखि सुरु भई सन् २०२५ अक्टोवरसम्म स्वीकृत यस परियोजना २०२६ अप्रिलसम्मका लागि अवधि थपको प्रक्रियामा रहेको छ ।

### उपरोक्त दुई परियोजनाअन्तर्गत आर्थिक वर्ष २०८१/०८२ मा गतिविधिका सार निम्न बमोजिम रहेका छन् :

### क. बैठक, अन्तरक्रिया, छलफल

सदाचार र सामाजिक जवाफदेहीता अभिवृद्धिका लागि संघीय सरकार, प्रदेश सरकारका सरकारी कार्यालय, स्थानीय सरकार, जनप्रतिनिधि, बैंक तथा वित्तीय संस्था, नागरिक समाज, युवा, पत्रकार, विभिन्न संघ-संस्था, आवद्ध संस्थाहरू आदिसँग विभिन्न विषयमा नियमितरुपमा छलफलहरू सम्पन्न गरिएको छ । सभा, सम्मेलन तथा छलफलका मुख्य विषय जलवायु वित्तमा पारदर्शिता, जलवायु परिवर्तनको असर, डढेलो नियन्त्रण तथा हरियाली प्रवर्द्धन, वायु प्रदूषण, पार्क व्यवस्थापन समिति, उपभोक्ता समितिहरूको भूमिका रहेका थिए । कार्यक्रममा सरोकारवालाले उठाएका विषयहरू सम्बन्धित निकायमा सार्वजनिक सेवा, सदाचार अभिबृद्धि तथा नीतिगत सुधारका लागि ध्यानाकर्षण गरिएको छ ।



*स्थानीय समूहको भूमिका विषयक छलफल, चितवन*



*बैंक तथा वित्तीय संस्थासँग अन्तरक्रिया, काठमाडौं*

### ख. प्रतिवेदन लेखन तथा अध्ययन

भ्रष्टाचारबाट महिलाको आर्थिक तथा सामाजिक जीवनमा पर्ने नकारात्मक असरहरूको सम्बन्धमा एक अध्ययनमार्फत संक्षिप्त प्रतिवेदन (कार्यपत्र) तयार गरी माननीय मन्त्री श्री नवल किशोर शाह सुडीज्यूलाई ध्यानाकर्षण गरिएको छ । जलवायु परिवर्तनले विभिन्न क्षेत्रमा पारेको असरबारे वृत्तचित्र तयार गरी सार्वजनिक भएको छ, ऊर्जा क्षेत्रमा स्वार्थको द्वन्द्व र अनुचित प्रभाव, प्राकृतिक स्रोतका क्षेत्रमा स्वार्थको द्वन्द्व, नेपालमा जलवायु वित्त व्यवस्थापन, जलवायु वित्त परियोजनाहरूको कार्य तथा परिणाम विषयहरूमा अध्ययन भई प्रतिवेदनहरू सार्वजनिक गरिएको छ ।

### ग. सदाचार अभिवृद्धिका लागि सन्देस प्रवाह

यस संस्थाबाट रेडियो सगरमाथा र रेडियो नेपालमार्फत जनहितमा जारी सन्देश प्रचार-प्रसार गरिएको छ । रेडियोबाट प्रसारित सन्देशहरूमा सार्वजनिक सेवाप्रवाहमा पहुँच, पारदर्शी खरिद, जलवायु परिवर्तन र यसको असर, जलवायु वित्तको पारदर्शिता आदि रहेका थिए । रेडियो कार्यक्रममार्फत परियोजनाका क्रियाकलापको प्रसारका साथै विषय विज्ञ र टीआई नेपालका सदस्यहरूबाट महत्वपूर्ण सन्देशसमेत प्रसारण गरिएको छ । यसैगरी, सुशासन अभिवृद्धिका लागि विभिन्न सन्देश राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशन गर्नुका साथै परियोजनासम्बन्धी पर्चा, ब्रोसर तथा नोटबुक छापेर वितरण गर्ने कार्य गरिएको छ। सार्वजनिक स्थानमा सूचनासहितको होर्डिङ बोर्ड राख्ने कार्य सम्पन्न गरिएको छ। कार्यक्रमको जानकारीसहित संस्थाको वेभसाइट र सामाजिक सञ्जाल फेसबुकमा पोष्टहरू गरिएको छ। यस कार्यबाट आम-जनमानसमा सदाचारका सन्देशहरू सम्प्रेषण हुन गएको छ ।

### घ. अवलोकनमार्फत सुधारका लागि पहल

जलवायु परिवर्तनले प्रभाव पारेका तथा पार्न सक्ने क्षेत्र, वातावरण प्रदूषण र जल पुनः भरण कार्य अवलोकन गरी अनुकूलन तथा न्यूनीकरण प्रयासमा हातेमालो गरिएको छ । निर्माणाधीन सरकारी स्वास्थ्य संस्था तथा अस्पतालहरूको संयुक्त अवलोकन तथा नियमन निकायहरूमा सुधारका लागि ध्यानाकर्षण गरिएको छ । यस प्रकारका संयुक्त अवलोकन कार्यबाट सम्बन्धित निकायको ध्यानाकृष्ट हुनुका साथै पारदर्शिता अभिवृद्धि र सुधारका लागि सहयोग पुगेको छ ।

### ङ. गुनासो तथा सुझाव संकलन, सार्वजनिक सुनुवाइ

नागरिकका समस्याहरूलाई सम्बन्धित नियमन निकायको ध्यान आकर्षित गर्न सुझाव तथा गुनासो संकलन कार्यक्रमहरू सम्पन्न गरिएको छ । सेवाप्रवाहमा भ्रष्टाचार र अनियमितता, सार्वजनिक सेवामा भएका ढिलासुस्ती, जलावायु परिवर्तन र वातावरणसम्बन्धी समस्या, प्रदूषण तथा स्वास्थ्य समस्याबारे नागरिकको धारणा बुझ्न सरोकारवाला स्थानीय सरकारका कार्यालयहरूसँग समन्वय गरी सहायता कक्ष, गुनासो संकलन र सार्वजनिक सुनुवाइहरू सम्पन्न गरिएका छन् । सेवाग्राही तथा नागरिकहरूबाट प्राप्त सुझावहरू पत्रमार्फत सम्बन्धित कार्यालयमा ध्यानाकर्षण गरी कार्यालयको सेवा सुधारमा सहयोग पुऱ्याइएको छ ।



*सार्वजनिक सुनुवाइ, शंकरापुर नगरपालिका, साँखु*



*गुनासो संकलन, चन्द्रागिरि*

### च. सिमान्तकृत समूह, महिला भेटघाट तथा छलफल

यस वर्ष पनि सरकारको नियमित सेवाप्रवाहबाट बाहिर रहने तथा सभा-सम्मेलनमा प्रायशः संलग्न नहुने सिमान्तकृत वर्ग, महिला, न्यून आय भएका र बृद्धहरूसँग सरकारी सेवाप्रवाहमा केन्द्रित रहँदै छलफल गरिएको छ। परियोजनाहरूमार्फत सीमान्तकृत/न्यून आय भएका नागरिक/महिला समूहहरूसँग छलफल कार्यक्रमहरू सञ्चालन गरिएको छ । प्राप्त समस्या सम्बन्धित नियमन निकायहरू, संघीय सरकार तथा स्थानीय सरकारहरूलाई पत्रहरूमार्फत ध्यानाकर्षण गरी ती समूहको सार्वजनिक सेवाको पहुँच विस्तारमा पहल गरिएको छ ।

### छ. सदाचार कक्षामार्फत विद्यार्थी सचेतना

सामाजिक जवाफदेहीता, जलवायु परिवर्तनको असर, राष्ट्रिय सदाचार प्रणाली, भ्रष्टाचार नियन्त्रणमा युवाको सक्रियताको खाँचो आदि विषयमा केन्द्रित रहँदै क्याम्पसस्तरका विद्यार्थीहरूबीच अभिमुखीकरणसम्बन्धी विविध कार्यक्रमहरू सम्पन्न गरिएको छ । विद्यार्थी तथा युवावर्गको भ्रष्टाचार विरोधी अभियानमा रहने भावी योगदानलाई मध्यनजर गर्दै स्वयंसेवी

विद्यार्थीहरूलाई परियोजनाको कार्यमा संलग्न गराई कार्यगत पक्षको पनि थप ज्ञान दिइएको छ। यी कार्यमार्फत युवापुस्तालाई सदाचारयुक्त जीवनशैली अवलम्बन गर्न र भ्रष्टाचार विरुद्धको अभियानमा सरिक हुनका लागि अभिप्रेरित गरिएको छ ।



*सदाचार शिक्षा सम्बन्धमा क्याम्पसमा अभिमुखीकरण, काठमाडौं*

## ज. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस

अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस (डिसेम्बर ९), विश्व वातावरण दिवस (जुन ५) र टीआई नेपालको स्थापना दिवस (२ भदौ) को अवसरमा छलफल कार्यक्रमहरू गरिएको छ। अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस (डिसेम्बर ९) को कार्यक्रम माइतिघर मण्डलामा भ्रष्टाचार विरोधी ब्यानर र प्लेकार्डसहित उभिएर प्रदर्शन गर्ने कार्यक्रममा टीआई नेपाल परिवारसहित सुरक्षाकर्मी, युवा, पत्रकार लगायतको उल्लेखनीय सहभागिता रहेको थियो। यस्तैगरी, जलवायु परिवर्तन न्यनीकरणमा सचेतना र वातावरण संरक्षणका वियहरूमा पालिकाका पदाधिकारी कर्मचारी तथा स्थानीय नागरिकहरूमाझ नागार्जुन नगरपालिका परिसरमा उपस्थित भएर विश्व वातावरण दिवस (जुन ५) मनाइएको छ। संस्थाका पदाधिकारीहरू, सदस्यहरू तथा नागरिक समाजलगायत सरोकारवालाहरूको उपस्थितिमा टीआई नेपालको २९औं स्थापना दिवस मनाइएको छ ।

## जीआईएन परियोजना गतिविधि

| क्र.सं. | गतिविधि (साउन १ २०८१ - असार ३१ २०८२) | जम्मा |
|---|---|---|
| १ | **बैठक, अन्तक्रृया, छलफल**<br>(टीआई नेपाल र सिस्नुपानी नेपालको सहकार्यमा जनचेतनामूलक कार्यक्रम, आवद्ध संस्थाहरूसँग छलफल, सी.पी.आई. रिलिज, महिला सुरक्षा दबाब समूह, नगरपालिकासँग आवद्ध समूह, जिल्ला प्रशासन कार्यालय चितवनसँगको छलफल, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा पत्राचार) | १३ |
| २ | **प्रतिवेदन लेखन तथा अध्ययन**<br>(भ्रष्टाचारबाट महिलाको आर्थिक तथा सामाजिक जीवनमा पर्ने नकारात्मक असरहरू) | १ |
| ३ | **सदाचार अभिवृद्धिका लागि सन्देस प्रवाह**<br>(रेडियो, ब्रोसर, नोटप्याड, पेन, भित्तेपात्रो प्रकाशन, होर्डिङ बोर्ड, पत्रिकामा सन्देश प्रकाशन) | ४ |
| ४ | **अवलोकन मार्फत सुधारका लागि पहल**<br>(स्वास्थ्य संस्था अवलोकन) | २ |
| ५ | **गुनासो तथा सुझाव संकलन, सार्वजनिक सुनुवाइ**<br>(गुनासो संकलन (मोबाइल एलाक) सार्वजनिक सुनुवाइ कार्यक्रम र पत्राचारसमेत, का.म.न.पा. १० नं. वडाको आम्दानी र खर्चमा छलफल ) | ८ |
| ६ | **सदाचार कक्षा मार्फत विद्यार्थी सचेतना**<br>(विद्यार्थीबीच शिक्षामा सदाचार विषयक प्रस्तुति, स्वयंसेवक अभिमुखीकरण) | ४ |
| ७ | **सिमान्तकृत समुह, महिला भेटघाट तथा छलफल**<br>(सीमान्तकृत/न्यून आय भएका नागरिक/महिला समूहहरूसँग अन्तरक्रिया/छलफल) | २ |
| ८ | **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस**<br>(भ्रष्टाचार विरुद्ध अन्तर्राष्ट्रिय दिवस) | १ |
| ९. | **संस्थागत दिगोपनासम्बन्धी गतिविधिहरू**<br>(क्यामरा, जीपीआरएस, अग्नी नियन्त्रण यन्त्र जडान) | १ |
| | **जम्मा गतिविधि** | ३६ |

## सीजीआईपी परियोजना गतिविधि

| क्र.सं. | गतिविधि (साउन २०८१ - असार २०८२) | जम्मा |
|---|---|---|
| १ | **बैठक, अन्तक्रृया, छलफल**<br>(स्थानीय निकाय, पार्क व्यवस्थापन समिति, इलाका वन कार्यालय, वन उपभोक्ता समिति, कृषक, बैंक तथा वित्तीय संस्था, वन तथा वातावरण मन्त्रालयमा नीतिगत सुधारका लागि पैरवी) | ९ |
| २ | **प्रतिवेदन लेखन तथा अध्ययन**<br>(जलवायु सुशासनबारे भिडियो प्रकाशन, ऊर्जा क्षेत्रमा स्वार्थको द्वन्द्व र अनुचित प्रभाव, नेपालमा जलवायु वित्त व्यवस्थापनः प्रभावकारिता र पारदर्शिता, जलवायु परिवर्तन तथा प्राकृतिक स्रोतहरूमा स्वार्थको द्वन्द्व र अनुचित प्रभाव, ग्लोबल कोषबाट सञ्चालित जलवायु परियोजनाहरूको कार्य तथा परिणामहरूको म्यापिङ प्रतिवेदन विमोचन) | ४ |
| ३ | **सदाचार अभिवृद्धिका लागि सन्देस प्रवाह**<br>(रेडियो कार्यक्रम तथा सन्देश प्रसारण, परियोजनासम्बन्धी सूचनासहितको होर्डिङ बोर्ड, ब्रोसर, नोटप्याड, पेन, भ्रष्टाचार विरुद्धको कार्टुनसहितको भित्तेपात्रो प्रकाशन) | ४ |
| ४ | **अवलोकन मार्फत सुधारका लागि पहल**<br>(जलवायु परिवर्तनले प्रभाव पारेका तथा पार्न सक्ने क्षेत्र तथा सफल कार्यको अवलोकन, वाटर रिचार्ज संरचना अवलोकन, जनसमुदाय र स्थानीय निकायसँग छलफल) | १ |
| ५ | **गुनासो तथा सुझाव संकलन, सार्वजनिक सुनुवाइ**<br>(गुनासो तथा सुझाव संकलन (मोबाइल एलाक) र समस्या समाधानका लागि पत्राचारसमेत ) | १२ |
| ६ | **सदाचार कक्षा मार्फत विद्यार्थी सचेतना**<br>(उपत्यकाभित्रका शिक्षण संस्थामा विद्यार्थीबीच जलवायु परिवर्तनको असर विषयक प्रस्तुति तथा जलवायु परिवर्तनसम्बन्धी कार्यमा सुशासन अभियानमा समाहित हुन आह्वान) | ६ |
| ७ | **अनुभव आदान/प्रदान**<br>(टीआई कम्बोडिया अवलोकन/अनुभव आदान-प्रदान भ्रमण) | १ |
| | **जम्मा गतिविधि** | ३७ |

## ३. आर्थिक विवरण २०८१/०८२

- आर्थिक वर्ष २०८१/०८२ मा संस्थाको आम्दानीको मुख्य स्रोत दाता (ट्रान्सपरेन्सी इन्टरनेशनल) बाट प्राप्त परियोजनासम्बन्धी रकम, बैंकको ब्याज र सदस्यता शुल्क रहेको छ। यस अवधिमा संस्थाको कुल आम्दानी (परियोजनाको लागि प्राप्त पेश्कीसहित) रु. १.२६ करोड रहेको छ। यसमध्ये ट्रान्सपरेन्सी इन्टरनेशनलबाट रु. १.१३ करोड परियोजना सहयोगस्वरुप प्राप्त भएको छ।
- आर्थिक वर्ष २०८१/०८२ मा कुल खर्च रु. १.२२ करोड रहेको छ। सोमध्येबाट परियोजनाका लागि जम्मा रु. १.१३ करोड खर्च भएको छ भने संस्थाको आन्तरिक स्रोतबाट संस्थागत गतिविधिमा रु.४.९२ लाख खर्च भएको छ। ह्रासकट्टी रकम रु. ३.६६ लाख रहेको छ।
- संस्थाको आफ्नै बचत करिब रु. १ करोड ९४ लाख रहेको छ (गत वर्ष रु.१ करोड ९० लाख)। सो रकमहरू मुद्दती तथा बचत खाताहरूमा रहेका छन्।

## ४. उपसंहार

राजनीतिक अस्थिरता, भ्रष्टाचार विरुद्ध लड्न राजनीतिक इच्छाशक्तिको न्यूनता र प्रशासनिक जवाफदेहीताको अभावका बाबजुद ट्रान्सपेरेन्सी इन्टरनेशनल नेपालले आफ्नो संकल्प कायम राख्दै कार्य गरिरहेको छ। संस्थाले रणनीतिक योजनाअन्तर्गत प्राथमिकता निर्धारण गरी भ्रष्टाचार विरुद्धको कार्यमा आफ्नो भूमिका कायमै राखेको छ। नीतिगत सुधार, मिडिया एड्भोकेसी र नागरिकमाझ जनचेतना जगाउँदै सहकार्य र सहभागितालाई संस्थाले प्राथमिकता दिँदै आएको छ।

जलवायु परिवर्तनसम्बन्धी कार्यमा सदाचार र सुशासन तथा नेपालमा सुशासनको पहल परियोजनाहरू मार्फत जवाफदेहीता बढाउने, सदाचार अभिबृद्धि गर्ने, सार्वजनिक सेवामा पहुँच बढाउने प्रयास जारी रहेको छ। जनसम्पर्क, सहकार्य र स्थानीय पारदर्शिताका अभियानहरूले सार्वजनिक विषयमा आवाज उठाउने र वकालत गर्ने संस्थाको प्रतिबद्धतालाई टेवा पुऱ्याएको छ। परियोजनाहरूको सीमित भौगोलिक दायराका बाबजुद पदाधिकारी, सदस्य र कर्मचारीको सक्रियताले पैरवी, सूचना प्रवाह, जनचेतना र खबरदारीलाई बलियो बनाएको छ। आउँदा वर्षहरूमा संस्थाले कार्यक्रमका प्रभावकारिता अझ बढाउन सहकार्य मजबूत पार्ने र पहुँच विस्तार गर्ने लक्ष्य राखेको छ।

अन्त्यमा, भ्रष्टाचारमुक्त समाज निर्माणको लक्ष्यप्रति टीआई नेपालको प्रतिबद्धता अटल छ। संस्थाले सदाचार प्रवर्द्धनमा आफ्नो कार्य बढाउँदै लानेछ।, तर यसका लागि दल, सरकार, निजी क्षेत्र र नागरिक समाजको संलग्नता/सहकार्य अझ प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

✦✦✦

# फोटो फिचर




२९औं वार्षिक साधारण सभा




भ्रष्टाचार अवधारणा सूचकाङ्क-२०२४ सार्वजनिकीकरण



२९औं स्थापना दिवसको अवसरमा छलफल




भ्रष्टाचार विरुद्ध अन्तर्राष्ट्रिय दिवसका अवसरमा प्रदर्शन



माननीय मन्त्री श्री नवल किशोर शाह सुडीज्यू समक्ष ध्यानाकर्षण पत्र




आवद्ध संस्था भेला २०८१, चितवन



विपत् व्यवस्थापनवारे अनुभव आदान-प्रदान कार्यक्रम, चन्द्रागिरि



जिल्ला प्रशासन कार्यालय चितवनमा सरोकारवालासँग छलफल

## ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल आवद्ध संस्था

| प्रदेश नं. | | जिल्ला | संस्था |
|---|---|---|---|
| कोशी | १ | इलाम | महिला जागरण संघ |
| | २ | विराटनगर | नागरिक सरोकार मञ्च-नेपाल |
| | ३ | सुनसरी | संकल्प समुदायमा आधारित पुनर्स्थापना |
| | ४ | उदयपुर | मानवअधिकार र वातावरण विकास केन्द्र |
| बागमती | ५ | दोलखा | मानव अधिकार सचेतन तथा विकास केन्द्र |
| | ६ | चितवन | भ्रष्टाचार विरुद्ध अभियान |
| गण्डकी | ७ | कास्की | सुशासनका लागि नागरिक समाज |
| लुम्बिनी | ८ | रुपन्देही | पारदर्शी नेपाल सिद्धार्थनगर<br>पारदर्शी सरोकार समूह, बुटवल |
| | ९ | गुल्मी | सुशासन अभियान |
| | १० | बाँके | बागेश्वरी असल शासन क्लब |
| कर्णाली | ११ | सुर्खेत | नागरिक सरोकार संघ |
| सुदूरपश्चिम | १२ | कैलाली | सदाचारका लागि सामाजिक पहल |
| | १३ | दार्चुला | समाज कल्याण समाज |

## ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल

### सचिवालय

आशिष थापा, *कार्यकारी निर्देशक*
तुम्बुरु गौतम, *संयोजक*
बबिता शर्मा, *संयोजक*
बिनोद भट्टराई, *संयोजक*
सारदा नेपाली, *कार्यक्रम अधिकृत*
शिशोर घोला, *कार्यालय सहायक*
श्याम लाल साई, *चालक*
श्याम महर्जन, *(डिजाइन)*